# राइटर बाजे कथामा लैङ्गिकता

रेखाकौशल रेग्मी
विद्यावारिधि शोधार्थी (नेपाली)
rekharpaudel@gmail.com

**वस्तुसार**

प्रस्तुत लेखमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित राइटर बाजे कथामा लैङ्गिकताको अध्ययन गरिएको छ । कथाकार विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथाका आरम्भकर्ता मध्येका एक तथा मनोवैज्ञानिक यथार्थलाई आख्यानीकरण गर्ने स्रस्टा हुन् । मानव मनका अन्तर्यलाई कथ्यविषयका रूपमा चयन गरी आख्यानात्मक पूर्णता दिने कोइरालाका कथा चरित्रप्रधान संरचनाका रहेका छन् । राइटरबाजे सांस्कृतिक सम्मिलन र सहअस्तित्वको विषयलाई यौन मनोविज्ञानको आवरणमा रचना गरिएको कथा हो । प्रस्तुत अध्ययनका लागि सोद्देश्यमूलक रूपमा चयन गरिएका प्रतिनिधि पूर्वकार्यको समीक्षा गरी रिक्तता स्थापित गरिएको छ । आख्यानशास्त्रीय र वैचारिक दर्शनका आधारमा प्रस्तुत कथाको अध्ययन भए पनि लैङ्गिकताका आधारमा अध्ययनमा रहेको रिक्ततालाई यस अध्ययनका लागि शोधसमस्या निर्धारण गरिएको छ । पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषण विधि अवलम्बन गरिएको यस अध्ययनको सैद्धान्तिक पर्याधार लैङ्गिकताले साहित्यक पाठलाई विश्लेषण गर्ने आधारलाई चयन गरिएको छ । लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गतको एउटा समालोचना पद्धति हो । यस अध्ययन पद्धतिभित्र साहित्यकारले कृतिमा प्रस्तुत गरेको महिला र पुरूषका सामाजिक सम्बन्ध र त्यसले निर्धारण गरेका सामाजिक/सांस्कृतिक निर्मितिको समालोचना गरिन्छ । लैङ्गिक अध्ययनअन्तर्गत लैङ्गिक समता र समविकाससँगै पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, यौनिकता, शरीर राजनीति, नारीवाद, लैङ्गिक प्रतिरोध जस्ता प्रतिमानका आधारमा कृतिको विश्लेषण गरिन्छ । पितृसत्ता भन्नाले पुरूषको प्रभुता वा वर्चस्व, सर्वोच्चता तथा परिवार र समाजमा पुरूषको शासन, सामाजिक संरचनाका महिलाको परनिर्भरता र पुरूषको महिलामाथिको अधीनतालाई देखाउने सामाजिक/सांस्कृतिक विचारधारा रहेको छ । कथाको प्रमुख पात्रको भूमिकामा नारीचरित्रको प्रयोग भएको कथामा लैङ्गिक समानतालाई विशेष स्थान दिइएको छ । कथामा आएका दृष्टान्तले परम्परागत ज्ञानको प्रसारण रहेको सामाजिक संरचनाभित्र लैङ्गिक समानता र समविकासको पक्षधरता पुष्टि गरेको छ । भोटिनीको भूमिकाले नारीकेन्द्री वर्चस्व स्थापना गर्ने विचारधारा र आफ्नो प्रतिरोधपूर्ण ज्ञानलाई अस्वीकार गरेको छ । अध्यात्मवादी दर्शनबाट अनुप्राणित पुरूषकेन्द्री पितृसत्तात्मक ज्ञान तथा उक्त ज्ञान निर्देशित सामाजिक संरचनाको वर्चस्वलाई प्रस्तुत गरेको छ । भाग्यवादी विचारधारा अङ्गीकार गरेकी भोटिनीले भाग्यवादलाई अवलम्बन गर्नुको मुख्य कारण आत्मसम्मान र पहिचान रहेको छ । यस तथ्यका आधारमा प्रस्तुत कथा अध्यात्मवाद अनुप्राणित पितृसत्ता तथा भाग्यवादी पुरूष वर्चस्वको संयोजन भएको रचनाका रूपमा रहेको छ । प्रस्तुत कथामा नारीवादको विषय नारी पुरूष सहअस्तित्व र नारी अस्तित्वको विषयसँग जोडिएर आएको छ । सामाजिक संरचनामा पुरूषकेन्द्री र नारीकेन्द्री पितृसत्ताको अभ्यास नेपाली सामाजिक संरचनामा प्रथाकै रूपमा रहेको छ । पुरूषकेन्द्री र नारीकेन्द्री पितृसत्ताले उत्पादन गरेका मानकलाई ध्वंश गरी आफ्नो जीवनचेतना अनुरूप जीवन बाँच्नका लागि नारीपुरूष सहअस्तित्व र आफ्नो स्वतन्त्र निर्णयका लागि अस्तित्वसँग जोडिएका सशक्त प्रतिकार सहितको नारीवाद अभिव्यञ्जित कथा रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* :सामाजिक संरचना, पितृसत्ता, प्रभुत्व, सहअस्तित्व, नारीवाद ।

## १. विषयपरिचय

कथाकार विश्वेश्वरप्रसाद कोइराला (१९७२-२०३९)का कथा सांस्कृतिक अध्ययनका दृष्टिले अध्ययनीय सामग्री रहेका छन् । आधुनिक नेपाली कथामा सामाजिक यथार्थकै समानान्तर धारका रूपमा मनोवैज्ञानिक यथार्थवादलाई भित्र्याउने कथाकार कोइरालाका सिर्जनामा मानव मनका अभ्यन्तरित पक्षका मानव मनका विभिन्न प्रकारका अभिवृत्तिलाई आख्यानीकरण गरिएका छन् । व्यक्ति मनलाई आख्यानको केन्द्रमा राखिएका यिनका कथामा मानसिक संरचनाभित्र अचेतनको तहसम्म पुगी पात्रको चेतन मन र अचेतन मनको अन्तर्सम्बन्ध देखाइएको हुन्छ । फ्रायडको मनोविज्ञानको सैंद्धान्तिक मान्यतालाई आख्यानीकरण गर्ने कोइरालाका *दोषीचश्मा* (२००६) र *श्वेतभैरवी* (२०३९) कथासङ्ग्रह पुस्तकाकार रूपमा प्रकाशित रहेका छन् । यस अध्ययनको आधार सामग्रीका रूपमा चयन गरिएको

*राइटरबाजे* कथा *श्वेतभैरवी* कथासङ्ग्रहमा सङ्गृहीत भई प्रकाशित भएको कथा हो । कथाको मूल विषयका रूपमा यौन मनोविज्ञानलाई प्रकाशित गर्ने प्रयोजनका लागि लेखिएको भए पनि प्रस्तुत कथा नारी मनोविज्ञानका अन्तर्यमा रहेका अस्तित्व, नारीजीवनप्रतिको स्वतन्त्र निर्णय, अस्तित्व र नारीकेन्द्री विचारधारालाई समावेश गरिएको छ । कथाको प्रमुख पात्र नारीलाई चयन गरी नारी अस्तित्वसँग जोडिएर आएका लैङ्गिक अवसर, समविकास, पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व अन्तर्गत महिलालाई केन्द्रीय चरित्र र भूमिकामा स्थापित गरी नारीलाई आफ्ना विचार र चेतनाअनुरूप निर्णय गर्ने अधिकार प्रत्यायोजन गरिएको नारीवादी विषयवस्तु समेटिएको प्रस्तुत संरचना अध्ययनीय र विश्लेषणीय सामग्री रहेको छ ।

कोइरालाका कथाको अध्ययनका सन्दर्भमा प्रस्तुत कथाको विवेचना पूर्ववर्ती अध्ययनका क्रममा पर्याप्त मात्रामा भएका छन् । कोइरालाका कथा र कथाकारिताका सन्दर्भमा गरिएका जीवनी, व्यक्तित्व, कृतित्वपरक अध्ययनका अतिरिक्त विश्वविद्यालय, प्रज्ञाप्रतिष्ठान जस्ता संस्थाले सञ्चालन गरेका संस्थागत प्राज्ञिक अनुसन्धान र स्वतन्त्र अध्ययनका क्रममा यस कथाको विवेचना भएको छ । कोइरालाका कृतिका बारेमा भएका पूर्वअध्ययन विधासैद्धान्तिक, प्रवृत्तिपरक, निश्चित साहित्यिक दर्शनकेन्द्री प्रतिमान र मूल्य निर्णयात्मक रहेका छन् । आख्यानशास्त्रीय सैद्धान्तिक पर्याधार र विभिन्न दार्शनिक प्रतिमानका आधारमा *राइटरबाजे* कथाको अध्ययन भए पनि यसको सांस्कृतिक अध्ययनअन्तर्गत लैङ्गिकताको सैद्धान्तिक पर्याधारलाई आधार मानी कथाको अध्ययन हुन सकेको छैन । यस सिद्धान्त मानकका आधारमा कथाको विवेचनामा रहेको रिक्ततालाई यस अध्ययनमा पूर्ति गरिएको छ । विवेच्य कथाका बारेमा भएका पूर्वाध्ययनमध्ये प्रतिनिधिमूलक रूपमा सोद्देश्यमूलक चयन गरिएका पूर्वकार्यको समीक्षा गरी अध्ययनको रिक्तता स्थापित गरिएको छ ।

प्रस्तुत अध्ययनका सन्दर्भमा दयाराम श्रेष्ठ (२०५७)ले यस कथाका विषयमा गरेको अध्ययन महत्त्वपूर्ण पूर्वकार्य रहेको छ । श्रेष्ठले कोइरालाका कथाको प्रवृत्तिगत सन्दर्भलाई संश्लेषण गर्दै समाजसापेक्ष स्थापित विचारधारालाई यौनमनोविज्ञानको अन्तर्यथार्थमा समावेश गरी कथा रचना गर्ने कथाकारका रूपमा प्रस्तुत गरेका छन् । श्रेष्ठको यस अध्ययनले कोइरालाका कथामा नेपाली समाजमा विद्यमान विचारधारा अर्थात् पितृसत्तापरक अध्ययन गर्नसकिने पूर्वसङ्केत तथा लैङ्गिक अध्ययनका लागि रिक्ततालाई पुष्टि गरेको छ । हरिप्रसाद शर्मा (२०५७) ले पुरूषप्रधान समाजमा नारीलाई केन्द्रीय भूमिकामा प्रस्तुत गरिएको नारी मनोविज्ञानकेन्द्री कथामा रूपमा यस कथाको विवेचना गरेका छन् । पुरूषवादी पितृसत्ता रहेको नेपाली समाजमा नारीकेन्द्री भाष्यको प्रयोग विषयक प्रस्तुत अध्ययन लैङ्गिकताका दृष्टिले कथाको अभ्यन गर्न सकिने महत्त्वपूर्ण पूर्वकार्य र स्पष्ट दिशानिर्देशका रूपमा लिन सकिन्छ । सम्पादकद्वय ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे (२०६१) ले नेपाली कथा भाग-३ सम्पादनका क्रममा सांस्कृतिक विविधता रहेको नेपाली समाजमा आर्य र अनार्यबीचको, प्रेम, विवाह र गार्हर्यस्थको परिकल्पना गरिएको यौन मनोविज्ञानकेन्द्री कथाका रूपमा चर्चा गरेका छन् । विचारपरक यस अध्ययनमा जातिगत अन्तर्सम्बन्धको पक्षलाई केन्द्रमा राखेको छ भने यस अध्ययनका आधारमा लैङ्गिकताको अध्ययन गर्ने स्थान रिक्त रहेको छ । हरिप्रसाद शर्मा (२०६७) ले परिवार, प्रेम र गृहस्थीका दृष्टिले नारी अस्तित्व र यौन मनोविज्ञानको सन्तुलित प्रयोग भएको कथाका रूपमा राइटरबाजेको विवेचना गरेका छन् । विचारकेन्द्री प्रस्तुत अध्ययनले सङ्केत गरेको नारी अस्तित्व र नारीको भूमिका सशक्त रहेको विषय यस अध्ययनका सन्दर्भमा सबल पूर्वकार्यका रूपमा रहेका छन् भने कथाको लैङ्गिकताको अध्ययनका लागि रिक्तता रहेको पृष्ठपोषण गरेको छ । कृष्णहरि बराल (२०६९) ले विचार प्रस्तुतीकरणका लागि प्रथम पुरूष समाख्याता र प्रस्तुतिका लागि नारी चरित्रको भूमिका स्थापित गरिएको कथाका रूपमा विवेचना गरेका छन् । कथाको विधासैद्धान्तिक अध्ययन गर्ने क्रममा आएको यस अभिव्यक्तिले कथाको लैङ्गिकताको अध्ययनका लागि पूर्वसङ्केत रिक्तता स्थापित गरेको छ । उपर्युक्त प्रतिनिधि पूर्वकार्यका आधारमा राइटरबाजे कथामा लैङ्गिकतापरक अध्ययन गर्ने स्थान रिक्त रहेको छ भने ती अध्ययनमा गरिएको पूर्वसङ्केतका आधारमा प्रस्तुत कथा लैङ्गिकताका सैद्धान्तिक प्रतिमानलाई आधार मानी विवेचना गर्न सकिने उपयुक्त सामग्री रहेको छ ।

लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गतको एउटा समालोचना पद्धति हो । यस अध्ययन पद्धतिभित्र साहित्यकारले कृतिमा प्रस्तुत गरेको महिला र पुरूषका सामाजिक सम्बन्ध र त्यसले निर्धारण गरेका सामाजिक/सांस्कृतिक निर्मितिको समालोचना गरिन्छ । लैङ्गिक अध्ययनअन्तर्गत लैङ्गिक समता र समविकाससँगै पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, यौनिकता, शरीर राजनीति, नारीवाद, लैङ्गिक प्रतिरोध जस्ता प्रतिमानका आधारमा कृतिको विश्लेषण गरिन्छ । पितृसत्ता भन्नाले पुरूषको प्रभुता वा वर्चस्व, सर्वोच्चता तथा परिवार र समाजमा पुरूषको

शासन, सामाजिक संरचनाका महिलाको परनिर्भरता र पुरूषको महिलामाथिको अधीनतालाई देखाउने सामाजिक/ सांस्कृतिक विचारधारालाई बुझाउँछ । प्रतिनिधित्व राजनीतिक विषय भए पनि साहित्यकारले कृतिमा चित्रण गरेका निम्नवर्ग, महिला, जनजाति, दलित वा अल्पसङ्ख्यक समूहको प्रस्तुति र तिनको भूमिकासँग सम्बन्धित विषय र तिनीहरूका बीचको शक्तिसम्बन्धका रूपमा लैङ्गिक सम्बन्धको अध्ययन गरिने पद्धति हो । कोइरालाको प्रस्तुत कथा पितृसत्ताकेन्द्री विचारधारा सशक्त मुखरितभई लैङ्गिक अध्ययनका विभिन्न मानकका आधारमा विश्लेषणीय सामग्री रहे पनि प्रस्तुत अध्ययनमा पितृसत्ता, प्रतिनिधित्व र नारीवादलाई विश्लेषणका प्रतिमान चयन गरी तिनका आधारमा विवेचना गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि सैद्धान्तिक पूर्वकार्यका रूपमा लैङ्गिकताको सिद्धान्तसम्बद्ध अनुसन्धानमूलक जर्नल, पुस्तक, साहित्यकोशमा प्रकाशित लेखको उपयोग गरिएको छ । पुस्तकाकार कृतिका रूपमा यी लेखका आधारमा यस अध्ययनको सैद्धान्तिक पर्याधार र विश्लेषण विधि तयार गरिएको छ । यस अध्ययनको सैद्धान्तिक पर्याधार निर्माण गर्ने प्रयोजनका लागि अमर गिरीको *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा,* ज्ञानु पाण्डेको *नेपाली उपन्यासमा लैङ्गिकता,* समिरा लुइँटेलको *लैङ्गिक र महिलावादी अध्ययन,* रमेशप्रसाद. भट्टराईको *सांस्कृतिक वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* मेरी वोस्टर्न क्राफ्टको *अ भिन्डीकेसन अफ उमन,* ताराकान्त पाण्डेयको *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, क्रिस बार्करको मेकिङ सेन्स अफ कल्चरल स्टजिड* र *द सेज डिक्सनरी अफ कल्चरल स्टडिज, स्टुआर्ट हलको रिप्रेजेन्टेसन एण्ड कल्चरल रिप्रेजेन्टेसन,* जोन जी. अलीको *बेब्स्टर्स डिक्सनरी,* भोजेन्द्र अर्यालको *लैङ्गिक र महिलावादी अध्ययन,* जे.एण्ड.ह्वेलहेन पिल्चरको *फिफ्टी की कन्सेप्टस् इन् जेण्डर स्टडिज,* जुडिथ बटलरको *जेण्डर ट्रबल* जस्ता सैद्धान्तिक लेखमा प्रस्तुत भएका सैद्धान्तिक सामग्रीको समीक्षा गरिएको छ । उपर्युक्त सैद्धान्तिक पूर्वकार्यको समीक्षाका आधारमा यस अध्ययनका लागि सैद्धान्तिक सामग्रीको निर्माण गरिएको छ । लैङ्गिकताको विषय राजनीतिक विषयबाट अनुप्राणित रहे पनि यसले साहित्यको समालोचना गर्ने अनुशासनका रूपमा आफ्नो स्थान बनाएको छ । लैङ्गिकताका आधारमा कथाकार कोइरालाका कथा विश्लेषणीय सामग्री रहेकाले प्रस्तुत अध्ययनका लागि *राइटरबाजे* कथालाई चयन गरिएको छ । यसप्रकार अध्ययनका लागि चयन गरिएको आधार सामग्रीलाई पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचामा विश्लेषण विधिको प्रयोग गरी निष्कर्षसम्म पुगिएको छ ।

## २. समस्याकथन

आधुनिक नेपाली कथाका आरम्भकर्ता मध्येका एक विश्वेश्वरप्रसाद कोइराला मानव मनोविज्ञानका विभिन्न तहलाई कथ्यविषयका रूपमा चयन गरी कथा सिर्जने यथार्थवादी कथाकार हुन् । मानव मनोविज्ञान अन्तर्गतका विविध मानसिक तह तथा ती तहसम्बद्ध विषयलाई चरित्रकेन्द्री आवरणमा प्रस्तुत गर्ने कथाशिल्प भएका कोइरालाका कथामध्ये प्रस्तुत कथा यौन मनोविज्ञानअन्तर्गत नारी मनोविज्ञान, अस्तित्व, नारीको आफ्नो शरीरमाथिको स्वनिर्णय जस्ता विषयलाई कथ्यका रूपमा चयन गरिएको छ । नेपाली साहित्यको खोज, अनुसन्धान र मूल्याङ्कनका दृष्टिले अत्यन्त रूचाइएका कोइरालाका कृतिको अध्ययन साहित्यिक शोधका विभिन्न प्रतिमानका आधारमा भइसकेका छन् भने यिनका कथाको लैङ्गिकतासम्बद्ध सैद्धान्तिक पक्षका आधारमा अध्ययन र अनुसन्धानमा रिक्तता रहेको छ । यस अध्ययनमा कोइरालाका कथाको लैङ्गिकताकेन्द्री अध्ययनको रिक्ततालाई परिपूर्ति गर्न *राइटरबाजे* कथालाई आधार सामग्रीका रूपमा लिइएको छ । लैङ्गिकतालाई सैद्धान्तिक पर्याधारका रूपमा लिई उक्त कथामा लैङ्गिकता मूल समस्यामा केन्द्रित रही निम्नलिखित शोध्यप्रश्नका आधारमा यस अध्ययनलाई पूर्णता प्रदान गरिएको छ ।

क. कथामा रचना सन्दर्भगत लैङ्गिक समविकास र पितृसत्ताको अवस्था के-कस्तो रहेको छ ?

ख. कथामा लैङ्गिक प्रतिनिधित्व, सत्तासम्बन्ध र लैङ्गिक प्रभुत्व कसरी प्रस्तुत भएको छ ?

ग. कथामा नारीवाद किन प्रस्तुत भएको छ ?

उपर्युक्त शोध्यप्रश्नमा केन्द्रित रही शोधप्रश्नको समाधान गर्नु यस अध्ययनको उद्देश्य र सीमा रहेको छ ।

## ३. अध्ययनविधि

प्रस्तुत समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीको रूपमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *राइटरबाजे* कथा रहेको छ । द्वितीयक सामग्रीको

रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन् । सामग्री विश्लेषणका लागि मूलतः पाठविश्लेषण केन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि लैङ्गिकताको सिद्धान्त यसका मानकका रूपमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र नारीवादलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ । उपर्युक्त सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि कृतिमा आएका उद्धरणका आधारमा विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

## ४. सैद्धान्तिक पर्याधार

लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गत उत्तरआधुनिकतावादी बहुलताभित्र विकसित साहित्यको समालोचना गर्ने पछिल्लो अन्तरअनुशासनात्मक पद्धतिका रूपमा परिचित रहेको छ । सांस्कृतिक अध्ययनले संस्कृतिलाई परम्परागत संस्कृतिको परिभाषाभन्दा पृथक विकसित र फरकरूपमा परिभाषित गरेको छ । यो निश्चित सैद्धान्तिक अवधारणभन्दा भिन्न बहुअनुशासनात्मक अध्ययन पद्धति रहेको छ । "सांस्कृतिक अध्ययन मार्क्सवाद, संरचनावाद, उत्तरसंरचनावाद, उत्तरआधुनिकतावाद, लैङ्गिक अध्ययन, नारीवाद, मानवशास्त्र, समाजशास्त्र, जात र जातीय अध्ययन, चलचित्र अध्ययन, सहरिया अध्ययन, लोकप्रिय सांस्कृतिक अध्ययन, उत्तरऔपनिवेशिक अध्ययन, नवइतिहासवाद, बहुसंस्कृतिवाद आदिका तत्त्वहरूबाट निर्मित भएको देखिन्छ" (गिरी, २०७० : १५) । पछिल्लो समय लैङ्गिकताको विषय सांस्कृतिक अध्ययनको एउटा क्षेत्र वा साहित्यिक पाठको समालोचना गर्ने पद्धतिका रूपमा रहेको छ । महिला र पुरूषका सामाजिक सम्बन्धका आधारमा निर्धारित सामाजिक सम्बन्धका बारेमा अध्ययनको पद्धति लैङ्गिक अध्ययन हो । "शारीरिक बनावटको भिन्नताको आधारमा महिला र पुरूषले गर्ने कामको बाँडफाँड, उनीहरूका बीचको असमान शक्तिसम्बन्ध र सामाजिक सांस्कृतिक मान्यता नै लैङ्गिकता हो । यो मान्छेसित उसको जन्मदेखि नै टाँसिएर आउने कुरा होइन, उसको धारणामा पछि विकसित हुने कुरो हो, समाजको बुझाइ र मान्यतामा भर पर्ने कुरा हो" (पाण्डे, २०६९ : ९) । लैङ्गिक अध्ययन महिला र पुरूषका भिन्न पहिचानका साथै सामाजिक सांस्कृतिक निर्मितिका रूपमा रहन्छ । लैङ्गिकताले सामाजिक व्यवहारका रूपमा रहेका लैङ्गिक मान्यता, विश्वास र सामाजिक संरचनाले निर्माण गरेको ज्ञानको प्रसारण र उपभोगका क्रममा हुने शोषण र विभेदको अवस्थालाई अध्ययन गर्दछ । राजनीतिक विषय रहे पनि यसको उपयोग साहित्यिक पाठको समालोचना गर्ने अनुशासन वा पद्धतिका रूपमा विकसित गरिएको मान्यता हो । लिङ्ग जैविक निर्मिति हो भने लैङ्गिकता सामाजिक सांस्कृतिक निर्मितिका रूपमा रहेको हुन्छ । "लैङ्गिक (जेन्डर)को अवधारणा लिङ्गका विपरितको अवधारणा हो । यसले नारी र पुरूषको भूमिकालाई सामाजिक सांस्कृतिक सन्दर्भमा विश्लेषण गर्दछ । यो व्यक्तिको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष हो जसको निर्माणमा प्राकृतिक वा जीववैज्ञानिक तत्त्वको कुनै प्रकारको सम्बन्ध वा भूमिका हुँदैन । जैविक र प्राकृतिक तत्त्वको कुनै भूमिका नरहने भएकैले लैङ्गिक अवधारणा सामाजिक सांस्कृतिक अवस्था, परिवेश र दृष्टिकोण अनुसार भिन्न हुन्छ" (भट्टराई, २०७७ : १०७) । लैङ्गिक अध्ययन शरीरसमेत सामाजिक/सांस्कृतिक निर्मितिका रूपमा रहेको छ । यसले साहित्यिक पाठमा रहेका लैङ्गिक समता, समानता र समविकासको विषयलाई केन्द्रमा राखी पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, सत्तासम्बन्ध, प्रभुत्व, शरीर राजनीति, सन्दिग्धता, पुरूष अध्ययन, नारीवाद तथा नारीवादका अन्तर्यमा नारी प्रभुत्व र प्रतिरोधको विषयलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । प्रस्तुत राइटरबाजे कथामा लैङ्गिकता अध्ययनअन्तर्गत पितृसत्ता, प्रतिनिधित्व, प्रभुत्व र नारीवादका आधारमा मात्र विश्लेषणका सीमा रहेकाले उपर्युक्त विषयका आधारभूत सैद्धान्तिक प्रस्थापनको संश्लेषण गर्नु उपयुक्त ठहर्दछ ।

पितृसत्ताको कारण निर्माण भएको सामाजिक सांस्कृतिक, राजनीतिक, शैक्षिक, आर्थिक लगायतका निर्मितिहरूका आधारमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, नारीवादी चेतना, समलैङ्गिकता, संदिग्धता, लैङ्गिक प्रतिरोध जस्ता मानकका आधारमा साहित्यमा अभिव्यञ्जित लैङ्गिक समानता, समता, अवसर र विभेद जस्ता विषयलाई सामाजिक/सांस्कृतिक निर्मितिका रूपमा लैङ्गिक अध्ययनअन्तर्गत विवेचना गरिने समालोचना पद्धतिको विकास भएको हो । लैङ्गिक अध्ययनको दोस्रो आधार भनेको पितृसत्ता हो । पितृसत्ता भन्नाले पुरूषको प्रभुता वा वर्चस्व, सर्वोच्चता तथा परिवार र समाजमा पुरूषको शासन, सामाजिक संरचनामा महिलाको परनिर्भरता र पुरूषको महिलामाथिको अधीनतालाई देखाउने सामाजिक/सांस्कृतिक विचारधाराका रूपमा रहेको हुन्छ । "पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो जसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरूष मुखियाको अधीनमा रहन्छन्" (पाण्डे, २०६९ : ९) । पितृसत्ता समाजमा अवस्थित आर्थिक, राजनीतिक, कानुनी, सामाजिक (

सांस्कृतिक, शिक्षा, सञ्चार, धार्मिक) आदि क्षेत्रमा पुरूष वर्चस्वलाई केन्द्रमा राखी निर्माण गरिएको सामाजिक र विचारधारात्मक प्रणालीका रूपमा समाजमा विद्यमान रहेको छ ।

लैङ्गिकताअन्तर्गत अध्ययन गरिने अर्को महत्त्वपूर्ण विषय भनेको प्रतिनिधित्व हो । प्रतिनिधित्वले सामाजिक संरचनामा केन्द्रइतर अर्थात् सत्ताइतरका व्यक्ति वा समुदायको उपस्थिति वा सहभागितालाई कसरी प्रस्तुत गरेको छ भन्ने पक्षको खोजी गर्दछ । "सांस्कृतिक सन्दर्भमा कुनै वर्ग लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने खोजी नै प्रतिनिधित्व हो । साहित्यमा प्रतिनिधित्वको खोजी पछि परेको समुदाय (निम्न वर्ग, महिला, जनजाति, दलित आदि) वा अल्पसङ्ख्यक समूह माध्यमबाट हुनसक्छ"(भट्टराई, २०७० : ३३६) । प्रतिनिधित्वले सामाजिक जीवनपद्धति सापेक्ष मानवीय आचार र प्रवृत्तिलाई सङ्केत गरेको हुन्छ । प्रतिनिधित्व राजनीतिक निर्मिति हो । राजनीतिमा प्रतिनिधित्व भनेको महिला, जाति, जनजाति, दलित, फरक क्षमता भएका पात्र, तेस्रोलिङ्गी लगायत अल्सङ्ख्यक पात्रको उपस्थिति हो भने लैङ्गिक प्रतिनिधित्वले साहित्यिक संरचनामा लैङ्गिक दृष्टिले पात्रको उपस्थिति र तिनको भूमिकालाई कसरी प्रस्तुत गरिएको छ भन्ने अवस्थालाई देखाउँछ। सांस्कृतिक अध्ययनले प्रतिनिधित्वलाई राजनीतिक विषयको विचाराधारात्मक प्रस्तुतिका रूपमा लिई ऐतिहासिक अवस्थाको विशिष्ट समयको सांस्कृतिक निर्मितिका रूपमा विवेचना गर्ने कार्य गर्दछ ।

लैङ्गिक अध्ययनले सामाजिक संरचनामा रहेका फरक लिङ्गी व्यक्ति/समुदायका बीचको सम्बन्धलाई अध्ययन गर्दछ । "प्राकृतिक लिङ्ग व्यवस्थाका आधारमा महिला र पुरूष भिन्न छन् भने सामाजिक सांस्कृतिक सम्बन्धका आधारमा परम्परागत लिङ्गका आधारमा निर्धारण गरिएको सम्बन्धलाई लैङ्गिक सम्बन्ध भनिन्छ"(भट्टराई, २०७७ : ६) । सामाजिक/सांस्कृतिक निर्मितिका आधारमा पुरूष र महिला बीच निर्धारण गरिएको सामाजिक सम्बन्धका विविध रूपहरू नै लैङ्गिक सम्बन्धका रूपमा आएका हुन्छन् । सामाजिक संरचनामा यस्तो सम्बन्ध पति–पत्नी, आमा–छोरा, बाबु–छोरी, दाजु–बहिनी, दिदी–भाइआदि अनेकौं सम्बन्धमा जेलिएर रहेको हुन्छ ।

साहित्यमा लैङ्गिक सम्बन्धअन्तर्गत सामाजिक साहित्यिक कृतिको संरचनाभित्र रहेका महिला र पुरूषका विभिन्न अवस्था, भूमिका, चाहनाका अतिरिक्त महिला र पुरूषका काम र भिन्नताका अतिरिक्त उत्पादन सम्बन्धका कारणले सृजित वर्चस्व र अधिनस्थता जस्ता विषयलाई केन्द्रमा राखी अध्ययन र विश्लेषणलाई पूर्णता दिइएको हुन्छ । लैङ्गिक अध्ययनमा लैङ्गिक विभेद र त्यसले निर्माण गरेको सामाजिक सांस्कृतिक निर्मितिको अध्ययन गरिन्छ । "यौन वा लिङ्गका आधारमा हुने भेदभाव, अप्रतिनिधित्व, असमानता, वञ्चितीकरण, शोषण र भूमिकाविहीन अवस्थालाई लैङ्गिक विभेद भनिन्छ" (भट्टराई, २०७७ : १०७) । लैङ्गिक विभेद पितृसत्ताप्रदत्त विचारधाराका आधारमा बालबालिका र पुरूष महिलामाथि हुने असमान व्यवहार, यौनजन्य हिंसा, शिक्षा र सामाजिक अवसर आदिमा हुने फरक व्यवहार र वञ्चितीकरण जस्ता विषयमा केन्द्रित रहेको हुन्छ । लैङ्गिक विभेद सामाजिक/सांस्कृतिक र राजनीतिक निर्मिति हो र यसले समाजमा रहेका शिशु, बालिका, वयस्क, अधबैंसे र बृद्ध उमेरका महिलामाथि हुने विभेद, निर्दयी र असमान व्यवहार, फाइदा लिने प्रयोजनले गरिने जबर्जस्ती, स्वार्थसिद्ध गर्न गरिने बेचबिखन, बन्धक, बलात्कार, महिला र पुरूषका बीचको सत्ता सम्बन्ध, महिलाको शरीर र यौनिकतामाथि गरिने नियन्त्रण तथा पितृसत्तात्मक विचारधाराले गर्ने सबै प्रकारका शोषण र असमानताको अध्ययन गर्दछ ।

प्रभुत्व सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक पाठमा विद्यमान शासित र अधिनस्थ बीचको सम्बन्धलाई प्रकाशमा ल्याउने सिद्धान्त रहेको छ । प्रभुत्वको सैद्धान्तिक अवधारणाले साहित्यिक पाठमा प्रस्तुत गरेको धारणा र र चित्रण गरेको समाजलाई सामाजिक संरचनाका रूपमा लिई उत्तल पाठमा रहेको शासक र शासित बीचको सङ्कथन कसरी निर्माण भएको छ तथा शासकले आफ्ना विचारधारालाई सहमतीय वा दवाबका आधारमा कार्यान्वयन गरेको छ भन्ने विषयको खोजी गर्दछ । पितृसत्तात्मक समाजमा रहेको पुरूष वर्चस्वले नारीमाथि गरेको विभेदकारी ज्ञानको उपयोगलाई सँस्कृतिक अध्ययनसम्बद्ध प्रभुत्वका रूपमा अध्ययन गर्ने भएकाले नारीवादको एक प्रतिमानका रूपमा प्रभुत्व र विभेदलाई लिन सकिन्छ । प्रभुत्व राजनीतिक विषय रहँदारहँदै पनि यसले अन्तरअनुशासनात्मक विषयका रूपमा साहित्यको समालोचना गर्दछ । प्रभुत्वको सैद्धान्तिक अवधारणालाई संश्लेषण गर्दै अमर गिरी (२०६७) लेख्छन् – प्रभुत्व सामाजिक संरचनामा शक्ति र अधिनस्थ बीचको सम्बन्धका आधारमा शक्तिशाली वर्गको विचारधारा तथा प्रभुत्वको आडमा शासित समुदायमाथि गरिएको वा जबरजस्ती लादिएको विचार हो । सामाजिक संरचनामा विद्यमान रहेका ज्ञानको प्रतिबिम्बन साहित्यिक पाठमा प्रस्तुत हुने भएकाले प्रभुत्वको विषय समालोचना पद्धतिको एक

प्रतिमानका रूपमा रहेको छ । प्रभुत्वको विषयलाई संश्लेषण गर्दै ताराकान्त पाण्डेय (२०६७) लेख्छन् – प्रभुत्व भौतिक र विचारधारात्मक उपकरणहरूको संयोजन जसबाट प्रभुत्वशाली वर्गले सत्ता स्थापित गर्ने माध्यम रहेको छ । प्रभुत्वको अध्ययन विना सामाजिक संरचनामा रहेको शासक र शासित बीचको सम्बन्ध बाहिर नआउने तथा सामाजिक संरचनामा विद्यमान विभेदको अवस्था ज्ञात नहुने भएकाले भएकाले नारीवादका अध्ययनको एक प्रतिमानका रूपमा प्रभुत्व र यसले निर्माण गर्ने विभेद रहने देखिन्छ । प्रभुत्वको सिद्धान्त शासक र शासितका बीचमा रहने सम्बन्धबाट निःशृत विषय हो । शासकले शासक भइरहनका लागि निर्माण गर्ने विचारधाराको समग्र संरचनालाई यसले आफ्नो सिद्धान्तमा समेटेको छ । रमेशप्रसाद भट्टराई (२०६७)ले शासक वर्गले पछिका समुदायको दमनका लागि निर्माण गर्ने नियम, मूल्य र मान्यता विषयक विचारधारा जसले सत्ताइतर रहेका व्यक्ति वा समुदायमाथि आफ्ना विचार लादेर आधीनमाथि दमन र विभेदको स्थिति निर्माण गर्ने सैद्धान्तिक आधारलाई प्रभुत्व भनेका छन् । पितृसत्तात्मक सामाजिक संरचनाले महिलामाथि थुपारेका सामाजिक/सांस्कृतिक नियम, आर्थिक व्यवस्थामाथि पुरूषको नियन्त्रण तथा जैविक निर्मितिका आधारमा गरिने विभेदजस्ता विषयले प्रभुत्वशाली वर्गका रूपमा पुरूषलाई स्थापित गर्ने विषयलाई लैङ्गिक प्रभुत्वका रूपमा अध्ययन गर्ने सैद्धान्तिक मान्यता रहेको छ ।

राजनीतिक प्रभुत्वको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्ने प्रथम व्यक्ति इटालेली चिन्तक एन्टोनियो ग्राम्सी (१८९१-१९३७) रहेका छन् । ग्राम्सीले इटालीको जेलमा रहेको बेलामा लेखेको नोटबुकलाई प्रिजन नोटबुकमा अभिव्यक्त विचार नै राजनीतिक प्रभुत्वको सैद्धान्तिक मूलविन्दु मानिन्छ । ग्राम्सीले 'जेल डायरी'मा विश्लेषण गरेका मुख्य विचारहरूमा 'इटलीको इतिहास', 'बौद्धिक', 'शिक्षा', 'राजनीतिक दल', 'फासीवाद', 'हेजेमोनी' पर्दछन् । ग्राम्सीको केन्द्रीय विचारका रूपमा रहेको मुख्य पद हेजेमोनीका विषयमा उनले गरेका व्याख्या र हेजेमोनी आर्जन गर्ने पद्धतिका विषयमा प्रस्तुत गरेको दृष्टिकोण नै परवर्ती समयमा राजनीतिक दृष्टिकोणसँगै साहित्यिक समालोचनाको एक अनुशासनका रूपमा स्थापित बनेको हो । समाज, राजनीति र समालोचनात्मक प्रयोगका सन्दर्भमा प्रभुत्व (हेजेमोनी) नयाँ शब्दका रूपमा रहेको छ । अङ्ग्रेजी भाषाको 'हेजेमोनी' शब्दलाई नेपालीमा 'प्रभुत्व' भनिएको तर्क रमेशप्रसाद भट्टराई (२०७०) को रहेको छ । नेपाली सन्दर्भमा 'हेजेमोनी'को अर्थ 'प्रभुत्व' वा 'आधिपत्य'सँग जोडिएको छ । राजनीतिक सिद्धान्तमा यसको सम्बन्ध र ग्राम्सीले प्रस्तुत गरेको मुख्य अर्थ नेतृत्व अथवा शासनसँग सम्बन्धित रहेको छ । ग्रिसेली 'हेगेमोन'बाट व्युत्पत्ति भएको यस शब्दको तात्पर्य 'नेता', 'निर्देशक', वा 'शासकसम्बद्ध रहेको तर्क भट्टराईको रहेको छ । प्रभुत्वको सैद्धान्तिक मान्यताको सम्बन्ध व्यक्तिसित नजोडिई सामाजिक संरचना र राज्यसित जोडिएको छ । लक्ष्मणप्रसाद गौतम (२०७५)ले एउटा वर्गले अर्कोमा प्रभुत्व जमाउनु 'हेगेमोनी' हो, 'हैकम' हो' भनेका छन् । ऋषिराज बराल (२०७३) ले प्रभुत्वको प्रक्रिया र यसको सैद्धान्तिक अवधारणा १९ औं शताब्दीदेखि शक्तिशाली राज्यले अर्को राज्यमाथि राजनीतिक हैकम कायम गर्ने सन्दर्भमा आरम्भ भएको दृष्टिकोण प्रस्तुत गरेका छन् । आधारभूत राजनीतिक सिद्धान्त रहे पनि साहित्यमा स्रष्टाले चयन गरेका भाषिक सङ्केतका आधारमा प्रभुत्वको खोजी गरी तिनलाई प्रकाशमा ल्याउने समालोचना पद्धतिको मान्यता यस सिद्धान्तले पाएको छ । साहित्यिक पाठलाई सामाजिक स.रचनाका रूपमा लिई उक्त पाठमा आएका भाषिक सङ्केत यस समालोचनाको मुख्य विषय क्षेत्र रहने गर्दछ । मूलतः प्रभुत्वले कृति निर्माणका लागि चयन गरिएका विषय, चरित्र, परिवेश, भाषाजस्ता विषयमा प्रस्तुत भएका सत्ता, अधिनस्थता, सत्तासम्बन्ध, द्वन्द्व तथा दमनलाई कार्यान्वयन गर्ने प्रक्रियाको विवेचना गर्दछ । सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक पाठको विश्लेषण गर्ने सशक्त प्रतिमानका रूपमा प्रभुत्वलाई लिनसकिन्छ ।

प्रभुत्वसँगै लैङ्गिकताको अध्ययन गर्ने शक्तिशाली मानकका रूपमा नारीवाद रहेको छ । नारीवादले महिला नारीकेन्द्री भाष्यका कोणबाट नारीहरूलाई हेर्दछ । यस सिद्धान्तले संसारभरि नै महिलाहरूलाई पुरूषको तुलनामा कमजोर र पीडित बनाइएको छ भन्ने मान्यता राख्दछ । नारीवाद नारीलाई केन्द्र बनाएर नारी सर्वोच्चताका पक्षमा बोल्ने र लेख्ने राजनीतिक सिद्धान्त रहेको छ । जोन जी. अली, (१९९६)ले लैङ्गिक रूपमा समानता कायम गराउने र नारीहरूका अधिकारको वकालत गर्ने सैद्धान्तिक मान्यतालाई नारीवादका रूपमा परिभाषित गरेका छन् ।जुडिथ बट्लर (१९९०) नारीवादी सिद्धान्तले आस्तित्विक परिचयको कल्पना गर्छ र महिलाहरूको तहगत परिचय निर्धारण गर्नुका साथै राजनैतिक प्रतिनिधित्वको वैधानिक स्थापनामा जोड दिने अवधारणा प्रस्तुत गर्दछन् । परम्परागत रूपमा चलिरहेको पितृसत्ताका विरूद्धमा नारीकेन्द्री विचारहरू नारीवादअन्तर्गत जन्मिएका हुन् । पितृसत्ताले स्थापना गरेका ज्ञानका विरूद्ध व्यक्तिगत तथा संगठित आन्दोलनले स्थापना गरेका मान्यताको समुच्चयका रूपमा रहेको नारीवादको मुख्य अध्ययन क्षेत्रमा नारीका निजी तथा सार्वजनिक जीवनको अध्ययन विश्लेषण र मूल्याङ्कन पर्दछन् । नारीवादले

महिलालाई आफ्नो स्वतन्त्र जीवनको अस्तित्व र पहिचानयुक्त व्यक्तित्व निर्माणमा केन्द्रित हुन आग्रह गर्दछ । कृष्ण गौतम (२०५९) ले स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातिको पक्षबाट बोल्दछ यसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ । स्त्रीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न शक्ति दिने राजनीतिक दर्शन रहेको अवधारणा प्रस्तुत गरेका छन् । साहित्यिक सन्दर्भमा नारीवाद अन्तरअनुशासनात्मक समालोचना पद्धतिका रूपमा स्थापित रहेको छ । लैङ्गिकताको राजनीतिक छाताका आबद्ध रहेको यस सिद्धान्तले साहित्यिक पाठमा नारीकेन्द्री विषयलाई खोजी विवेचना गर्ने कार्य गर्दछ । नारीवादले मूलभूत रूपमा साहित्यिक पाठमा रहेको पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, प्रभुत्व, अधिनस्थता, लैङ्गिक दृष्टिले हुने हिंसा, शोषण, दमन, विभेद र वञ्चितीकरण तथा व्यक्तिगत र संगठित प्रतिरोधसमेतको अवस्थालाई खोजी ती विचारप्रति आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्दछ । नेपाली कथा परम्परामा मनोवैज्ञानिक यथार्थलाई स्थापित गर्ने विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्रलाई मुख्य भूमिका दिइएको छ । लैङ्गिक प्रतिनिधित्वका दृष्टिले उच्च स्थान प्राप्त गरेका कोइरालाका कथामध्ये *राइटर बाजे* एक सशक्त प्राप्ति रहेको छ । परम्परित हिन्दू अध्यात्मवादी पितृसत्ताको विचारलाई अङ्गीकार गरेकी नारीपात्रको मुख्य भूमिका रहेको प्रस्तुत कथा लैङ्गिकता अन्तर्गतका विभिन्न मानकका आधारमा विश्लेषणीय सामग्री रहेको छ । प्रस्तुत अध्ययनमा लौङ्गिकताका विभिन्न प्रतिमानमध्ये लैङ्गिक प्रतिनिधित्व, प्रभुत्व र नारीवादका कोणबाट *राइटर बाजे* कथाको विवेचना गरिएको छ ।

## ५. सामग्री विश्लेषण : प्राप्ति र छलफल

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको *राइटर बाजे* २०३९ सालमा श्वेतभैरवी कथासङ्ग्रहमा सङ्गृहित भई प्रथमपटक प्रकाशित भएको कथा हो । कोइरालाको प्रस्तुत कथामा मनोवैज्ञानिक यथार्थसँग सम्बन्धित व्यक्तिमन, प्रेम नियति र सामाजिक संरचनाले सृजना गरेको मानसिक अवस्थालाई मुख्य विषयवस्तु बनाएर लेखिएको छ । पञ्चायतकालीन सामन्तवादी एकात्मक राज्यव्यवस्थामा अन्तर्सांस्कृतिक मिश्रण र अन्तर्जातीय प्रेमको विषयलाई मनोविज्ञानको आवरणमा यस कथाको कथ्यविषयले पूर्णता पाएको छ । एकात्मक हिन्दूसंस्कृति प्रदत्त पितृसत्ताको बोलवाला रहेको समयमा अन्तर्जातीय प्रेम, विवाह, गृहस्थी र मातृसत्तात्मक विचारधाराका विषयमा बहस चलाउने सन्दर्भमा कथाको विषय केन्द्रित रहेको छ । नेपाली सामाजिक संरचनाको वास्तविकतालाई नजिकबाट नियाल्ने र बुझ्ने कार्य गरेका कोइरालाले जातीय र सांस्कृतिक विविधता रहेको राज्यमा जातीय र सांस्कृतिक सम्मिश्रण एवम् विलयनको स्थितिलाई कथाका माध्यमबाट प्रस्तुत गरेका छन् । आदि कालदेखि नेपाली समाजको निर्माण आर्य र मङ्गोलको अन्तर्मिश्रणबाट भएको विषयलाई प्राथमिकतामा राखेर आख्यान सृजना गरेका कथाकारको सांस्कृतिक विलयनप्रतिको अभिरूचि यस कथामार्फत् प्रस्तुत भएको छ । अध्यात्म अर्थात् आत्मतत्त्वलाई मोक्षको कारक मान्ने आर्यसंस्कृति र प्रकृति अर्थात् भोगलाई मोक्षको कारक मान्ने जनजातीय संस्कृतिको संयोजनबाट बनेको नेपाली समाजको चित्रण यस कथामा भएको छ । नारी चरित्र र उसका मानसिकताले व्याख्या गरेको सामाजिक संरचना र नारी अस्तित्वसम्बद्ध विषयलाई उठान गरिएको प्रस्तुत कथा लैङ्गिकताका आधारमा विश्लेषणीय सामग्री रहेको छ ।

### ५.१ कथा रचना सन्दर्भगत लैङ्गिक समविकास र लैङ्गिक सन्दर्भ

प्रस्तुत *राइटर बाजे* नेपाली सामाजिक संरचनामा अन्तर्जातीय र अनमेल विवाहलाई वैधता प्राप्त रहेको समय सन्दर्भसित सम्बद्ध कथा रहेको छ । परम्परित पितृसत्ता तथा सामन्तवादी एकात्मक राज्यव्यवस्थाभित्र बाहुन र भोटिनीका बीच प्रेम, विवाह र गृहस्थीसम्म बिस्तारित रहेका घटनाको प्रस्तुति कथामा भएको छ । तीननम्बर पहाडबाट काठमाडौं आई सरकारी जागिर खाने प्रौढावस्थाका राइटरबाजे र सिन्धुपाल्चोकको कुनै गाँउबाट सहरमा आई मागेर जीविकोपार्जन गर्ने भोटिनीका बीचको पारिवारिक सत्तासम्बन्धको अन्तर्वस्तुमा कथाले गत्यात्मकता प्राप्त गरेको छ । संरचनात्मक दृष्टिले दुई भागमा विभाजित रहेको कथाको पूर्वार्द्ध राइटरबाजे अर्थात् पुरूषकेन्द्री भाष्यमा आधारित रहेको छ । कथाको दोस्रो खण्ड मातृसत्ताप्रधान विचारधारा प्रवाहित भए पनि त्यसले पितृसत्तात्मक वर्चस्वको आधीन रही विषय र विचार दुवैलाई अन्त्यसम्म डोऱ्याएको छ ।

प्रस्तुत कथाको पूर्वार्द्धमा राइटरबाजले नारी अस्तित्वलाई स्वीकार गरी अनमेल उमेरकी किशोरी भोटिनीलाई घरमा भित्र्याउनु लैङ्गिक समताका दृष्टिले विभेदको अवस्था हो । लैङ्गिक दृष्टिकोणभित्र राइटरबाजेले आफ्नो घरगृहस्थीका साथै आफ्ना यौनबुभुक्षाका परिपूर्ति गर्ने माध्यमका रूपमा भोटिनीलाई उपयुक्त माध्यम हुने देखेर घरमा

भित्र्याउने उद्देश्य राखेको छ । एउटी किशोरीलाई नोकर्नीका रूपमा घरमा ल्याउने र कामदारको भूमिकामा स्थापित नगरी उसलाई गृहस्वामिनी बनाई आफ्ना विषयसुखलाई निरन्तरता दिने राइटरका कार्यलाई भोटिनीले आदर्शीकरण गरेकी छ । भोटिनीलाई सार्वजनिक पहिचान दिने राइटरको भूमिकालाई सह्रानीय मान्ने भोटिनीले ब्रह्मणवादी एकात्मक पितृसत्ताको बोलवाला रहेको सामाजिक संरचनामा नारीको भूमिका पुरूषकै तुलनामा शक्तिशाली र गतिशील विचारधाराको रूपमा गतिशील रहेको विचार प्रस्तुत गरेकी छ ।'निर्बोध भिखारिनी भोटिनी बालिकाले यहाँ प्रवेश गरेकी थी र त्यही केटीले आज गृहस्वामिनी भएर घरको साँचोको झुप्पालाई आफ्नो मुट्ठीमा राखेकी छ' ( कोइराला, २०५७ : १८) । राइटरबाजे परम्परित सत्ता र ज्ञानको प्रतिनिधि रहँदा रहँदै पनि सामाजिक संरचनामा रहेका ज्ञानगत विविधतालाई अङ्गीकार गरी अन्तर्जातीय नारी अस्तित्व र विचारधारालाई स्वीकार गर्नु लैङ्गिक समताको परिचायक रहेको छ । कथा रचनाको समयसन्दर्भभित्र नेपाली समाजमा रहेको वर्चस्वका विरूद्ध विद्रोह गरी लैङ्गिक समताका आधारमा एउटी नारीलाई पुरूषकै समानान्तर शक्तिशाली भूमिका दिनु यस संरचनाको विशेषता बन्नपुगेको छ । यसका अतिरिक्त कथाले नारी-पुरूष सम्बन्ध परस्परमा स्वाधीन र आधीन विचारधारा नभई सहअस्तित्वका आधारमा नियमन हुने विषयलाई प्रस्तुत गरेको छ ।

विवेच्य कथाले नारीपुरूष सम्बन्धमा रहेको सहअस्तित्वका आधारमा सामाजिक संरचना निर्माण हुनुपर्ने लैङ्गिक सन्दर्भलाई प्रस्तुत गरेको छ । कथाले नेपाली सामाजिक संरचनामा नारीलाई आदर्शीकृत गरी परिवारको नेतृत्व दिने तर अधिकारसम्पन्न तुल्याउन विभेद गर्ने विचारधारा विरूद्ध भाष्य निर्माण गरेको छ । कथाले नारी-पुरूष सहअस्तित्व मात्र नभई समान रहेर आफ्ना दायित्व पूरा गरे मात्र लैङ्गिक समानता स्थापित हुने विषयलाई स्थापित गरेको छ । त्यसका लागि नारीको भूमिका आदर्शीकरण नगरी सामाजिक संरचनामा विद्यमान सबै विचारधारासँग जुध्नसक्ने परिवेश निर्माण गर्नुपर्ने कुरामा कथाले जोडदिएको छ । जबसम्म नारी र पुरूषका भूमिका समानान्तर रूपमा गतिशील बन्दैनन् तबसम्म समाजमा लैङ्गिक समता र समानताका विषय आदर्श नारामै सीमित रहने विषयलाई कथाले लैङ्गिक मुद्दामा रूपान्तर गरेको छ । 'राइटरबाजेको घरमा बिस्तार-बिस्तार म स्वामिनीजस्ती त भइसकेकी थिएँ, र मेरै खटन त्यहाँ चल्थ्यो, उनमाथि पनि मेरै खटन । तर त्यस दिन साँचोको झुप्पा र रूपियाँ राखिदिँदा मलाई लाग्यो कि हाम्रो पुरूष-नारीको सम्बन्धमा एउटा अविच्छिन्न घनिष्ठता थपियो' (ऐजन, १९) । परम्परित पितृसत्ताले उत्पादन गरेको ज्ञानलाई ग्रहण गरेकी नारी पात्रले स्वकथनात्मक रूपमा स्वीकार गरेको सत्ता नै कथाको लैङ्गिक स्थितिका रूपमा प्रस्तुत भएको छ । परम्परित हिन्दू सामाजिक संरचनाको प्रतिनिधि विचारधाराको निरन्तरताकै स्थितिमा रहेको पितृसत्तात्मक ज्ञानलाई कथाको समाख्याता रहेकी भोटिनीले अङ्गीकार गरेकी छ । जैविक निर्मितिका आधारमा अनमेल विवाहको उदाहरण राइटरबाजे र भोटिनी बीचको सत्तासम्बन्ध कथाको उत्तरार्द्धमा आएपछि भोटिनीलाई केन्द्रमा स्थापित गर्ने विचारधाराबाट अनुप्राणित रहेको छ । राइटरबाजे असक्त रहेर वा नरहेरै पनि भोटिनीलाई पारिवारिक उत्तरदायित्व जिम्मा लगाउनु तथा उसले निर्धारण गरेको जीवनपद्धति अनुरूप आफूलाई रूपान्तर गर्नु लैङ्गिक समानताको परिचायक रहेको छ । कथामा प्रस्तुत भएका यसप्रकारका दृष्टान्तले सामाजिक संरचना परम्परागत ज्ञान र तिनको प्रसारणमा केन्द्रित रहे पनि विचारधारागत दृष्टिले लैङ्गिक समानता र समविकासको पक्षधर रहेको पर्याप्त प्रमाण मुखरित भएको छ ।

### ५.२ पितृसत्ता र प्रभुत्व

पितृसत्ताको विषय सत्ता वा शक्तिमा पिताको अधिकार वा पुरूषप्रधान सामाजिक/सांस्कृतिक विचारधारा रहेको छ । यस विषयले पुरूषकेन्द्री भाष्यका आधारमा वर्चस्व र अधिनस्थताको विषयलाई विवेचना गर्ने तथा अधीनस्थमाथि शोषण, दमन र उत्पीडिनको अवस्थालाई अध्ययन गर्दछ । प्रस्तुत राइटरबाजे कथा परम्परागत पितृसत्ताले उत्पादन गरेको ज्ञानलाई ग्रहण गरेकी नारी पात्रको जीवन अनुभूतिलाई आख्यानीकरण गरिएको कथा हो । कथाकी प्रमुख पात्र भोटिनी अर्थात् समाख्याताले परम्परागत संस्कृति र सामाजिक व्यवहार भिन्न रहेका फरक दुई संस्कृतिअन्तर्गत पितृसत्ता नारीमा रहने जनजातीय संस्कृतिका तुलनामा पुरूषकेन्द्री विचारधारा भएको पितृसत्ताको ज्ञानको प्रतिनिधित्व गरेकी छ । अन्तर्जातीय संस्कृति र सामाजिक संरचना रहेको नेपाली सामाजिक परिवेशमा सांस्कृतिक समिश्रण र विलयनका माध्यमबाट नेपाली समाजको विविधता देखाउने प्रयोजनबाट प्रस्तुत कथा रचनासन्दर्भ प्रेरित रहेको छ । प्रस्तुत कथामा परम्परित भोटे संस्कृतिमा रहेको नारीकेन्द्री पितृसत्ताका तुलनामा आर्य संस्कृतिभित्र रहेको पुरूषकेन्द्री पितृसत्तालाई महिमामण्डन गरिएको छ । समाख्याताले जनजातीय संस्कृतिमा विद्यमान रहेको नारीकेन्द्री पितृसत्तामा पुरूषको अवस्था र शरीरको प्राकृतिक उपयोगका बारेमा प्रस्तुत गरेका तर्क र ती

विचारधाराप्रतिको दृष्टिकोण नै कथामा पितृसत्ताको विषय बनेर आएका छन् । 'हेलम्बुमै घरगृहस्थी गरेर बसेकी मेरी जेठी दिदी-चारवटा पतिकी पत्नी र तीन सन्तानकी माता, उनले मलाई भनेकी थिइन्-बैनी, किन यसरी भौंतारिएकी ? यहीँ आइज, म जस्तै बिहे गरेर बस् । मेरा देवरहरू पनि असल छन्' (पृ. २१) । नेपाली समाजमा विद्यमान रहेको बहुपति प्रथा र त्यसमा पुरूषप्रतिको नारी दृष्टिकोण यस साक्ष्यमार्फत् प्रस्तुत भएको छ । भोटे संस्कृतिबाट चयन गरिएकी समाख्याताकी दिदीले प्रस्तुत गरेको अवधारणामा नारीकेन्द्री पितृसत्तालाई केन्द्रमा राखिएको छ । यसप्रकारका सन्दर्भले निरन्तरता पाएको कथाका घटनाक्रममा समाख्याताले भेटेका आफ्ना दिदीहरूको विचारधारा जनजाति सामाजिक संरचनामा आधारित रहेका छन् । भोटिनीका दिदीहरू जो एक पति प्रथाका व्यतिरेकमा बहुपति प्रथालाई आत्मसात गर्ने सामाजिक संरचनाबाट आएका छन् ।

परम्परित पितृसत्ताका पक्षधर यी पात्रको उपस्थिति र तिनको समाज र सामाजिक सम्बन्धका बारेमा प्राप्त ज्ञान परम्परा निर्दिष्ट रहेको छ । भोटिनीको संस्कृतिमा शरीरको महत्त्व नै उपयोगितावादी र पुरूषको भूमिका शरीरको उपयोगका लागि निर्धारण गरिएको वस्तु रहेको विषयलाई पितृसत्ताका रूपमा स्थान दिइएको छ । समाजमा पुरूषको भूमिका जुनसुकै सामाजिक संरचना र विचारधाराबाट आए पनि तिनको भूमिका नारी शरीरलाई उपयोग गर्न मिल्ने हदसम्म उपयोग गर्ने नै हो । समाजमा उच्च वर्गको प्रतिनिधित्य गर्ने व्यक्ति वा वर्ग जोसुकैले पनि नारीलाई उपभोगका दृष्टिले हेर्छ भने नारीले पनि पुरूषलाई एकै कोटिमा राखेर हेर्नसक्ने विषयले कथामा स्थान बनाएको छ । एउटा बाहुन राइटर र अर्को खत्री कप्तान या राणा जर्नेल, अर्को नेवार सरदार सबै पुरूष एउटै हुन् (ऐजन, २२) । आफूलाई आर्यसंस्कृतिमा विद्यमान रहेको पितृसत्तात्मक विचारधारामा ढाल्न प्रयासरत भोटिनीका लागि आफ्नै दिदीहरूको भाष्य आफ्नो सोच र विचारधाराभन्दा सम्पृक्त रहेको छ । समाख्याता राइटरबाजेको प्रेम र उसले प्रदान गरेको गृहस्वामिनीको भूमिकालाई नै सर्वोपरी ठान्न पुगेकी छ भने आफ्नो परम्परित संस्कृति उसका लागि असहज बन्दै गएको छ ।

प्रस्तुत कथा पितृसत्तात्मक विचारधाराका दृष्टिले नारीकेन्द्री र पुरूषकेन्द्री विचारधाराको सन्धिस्थलका रूपमा रहेको छ । प्रस्तुत कथामा पुरूष र नारीको समान लैङ्गिक भूमिका रहेको कथाको पूवाद्धर्मा पुरूष वर्चस्व र उत्तरार्द्ध खण्डमा नारी वर्चस्व प्रस्तुत भएको छ । राइटर बाजेले भोटिनीलाई घरमा काम गर्ने नोकर्नीको भूमिकामा गृहप्रवेश गराई यसलाई पत्नी र गृहस्वामिनीको भूमिकामा स्थापित गरेको छ । परिवार र गृहस्थीको संरचना एवम् विचारधारा कस्तो हुन्छ भन्ने विषयको ज्ञान राइटर बाजेबाट बुझेकी भोटिनीले पुरूष वर्चस्वलाई आत्मसात् गरी परम्परानिष्ठ सामाजिक संरचना अनुकूल आफूलाई रूपान्तर गरेकी छ । राइटरबाजेको स्नेह वा प्रेम नारी शरीर र सुन्दरतालाई उपयोग गर्ने अथवा नारीलाई भोग गर्ने वस्तुको रूपमा उपयोग गर्ने पुरूषकेन्द्री रहे पनि त्यसलाई स्वीकार गरेकी भोटिनीमा उसका आनुवंशिक संस्कृति र तिनका विचारधाराले कुनै प्रभाव राखेका छैनन् । शरीरलाई अधिकतर उपयोग गरी आफू अनुकूलको पारिवारिक र सामाजिक सत्ता स्थापित गर्नुपर्दछ भन्ने आफ्ना दिदीहरूको नारीकेन्द्री वर्चस्वको प्रस्ताव र दिशानिर्देशलाई अस्वीकार गर्ने भोटिनी पुरूष वर्चस्वको पक्षपाती बनेकी छ । 'हाम्रो अरू के छ र ! यो राम्रो शरीर त हो नि ? यसलाई बुद्धिमानी किसिमबाट प्रयोग गर्न सक्नुपर्छ । हेर् न, यही शरीरलाई कसैलाई दिएर, कसैलाई दिनदेखि बचाएर दरबारको सिँढी उक्लँदै म राजाकी रानीसम्म भएकी छु' (ऐजन २२) । भोटिनीलाई उसका दिदीहरूले नारीकेन्द्री वर्चस्व स्थापना गर्ने तथा आफ्नो विचारधारा अनुरूप आफू र आफ्नो समाज निर्माण गर्ने प्रतिरोधपूर्ण ज्ञानलाई अस्वीकार गरेको छ । भोटिनीको यस अवधारणाले अध्यात्मवादी दर्शनबाट प्रभावित राइटरबाजेको पुरूषकेन्द्री पितृसत्तात्मक ज्ञानलाई अवलम्बन गरी उक्त सामाजिक संरचनाको वर्चस्वलाई अङ्गीकार गरेको विषय प्रस्तुत भएको छ ।

प्रस्तुत कथामा विद्यमान पुरूषकेन्द्री पितृसत्तामा वर्चस्वको विषय अध्यात्मवाद लक्ष्यित नियतत्त्ववादी एवं भाग्यवादी भाष्यद्वारा निर्देशित रहेको छ । आर्यबहुल नेपाली सामाजिक संरचनामा प्राकृत तत्त्वलाई जीवनको सार र निर्देशक तत्त्व मान्ने विचारधारालाई परित्याग गरी भाग्यवादी भाष्यप्रदत्त ज्ञानलाई ग्रहण गरेकी भोटिनी आफ्नो वर्तमानको वास्तविकता पूर्वजन्मको श्रापित विषय रहेको कुरामा आश्वस्त रहेकी छ । 'अभिशापका लागि पनि म नै किन रोजिएँ ? शरीर-धर्मअनुसार त्यसले पाएको भोगसुख नै यो अभिशापको कारण हो भने म मात्र किन यसका लागि रोजिएँ त ?... ... किन विधाताले सबभन्दा सानी बैनीलाई मात्र अभिशापको छाप लगाएर मानव समाजबाट बाहिर निष्कासित गऱ्यो' ? (ऐजन २३) । नियतत्त्ववादी वा भाग्यवादी प्रभुत्वको आधार अध्यात्मवाद रहेको छ । प्राकृत जीवनदर्शनलाई परित्याग गरी अध्यात्मवादी पितृसत्तात्मक वर्चस्वलाई अवलम्बन गरेकी भोटिनी भाग्यवादी

विचारधाराको पक्षपाती बन्न पुगेकी छ । भोटिनीले भाग्यवादी विचारधारा अङ्गीकार गर्नुको प्रमुख कारण उसले प्राप्त गरेको आत्मसम्मान र राइटरबाजेप्रतिको आकर्षण रहेको छ । परिवारलाई सामाजिक संरचनाको अभिन्न अङ्ग मानिन्छ भने भोटिनीले राइटर बाजेसँगको जैविक र आत्मिक सान्निध्यबाट परिवार, प्रेम, आत्मसम्मान र पहिचान प्राप्त गरेकी छ । असमान सामाजिक संरचनाको विभेदकारी वर्चस्वका सामु पहिचानसहितको जीवन पाएकी भोटिनीको विचारधारा भाग्यवादी हुनुमा परम्परित पितृसत्ताले दिएको आत्मसम्मान रहेको छ । उपर्युक्त तथ्यका आधारमा प्रस्तुत कथा अध्यात्मवाद अनुप्राणित पितृसत्ता तथा भाग्यवादी पुरूष वर्चस्वको संयोजन भएको रचनाका रूपमा रहेको छ ।

**५.३.राइटर बाजे कथामा नारीवाद**

नारी शोषण र विभेदका विरूद्धमा नारीवर्ग वा समुदायले गर्ने प्रतिरोध वा प्रतिकारको अवस्थालाई नारीवाद भनिन्छ । प्रस्तुत कथामा नारीवादको विषय नारी पुरूष सहअस्तित्व र नारी अस्तित्वको विषयसँग जोडिएर प्रस्तुत भएको छ । परम्परित सामाजिक संरचनामा पुरूषकेन्द्री र नारीकेन्द्री पितृसत्ताको अभ्यास नेपाली सामाजिक संरचनामा प्रथाकै रूपमा रहेको विषय हो । कथाको प्रमुख पुरूष पात्र राइटरबाजेले प्रतिनिधित्व गरेको सामाजिक संरचनामा पुरूषकेन्द्री पितृसत्ताले बहुपत्नी प्रथा, अनमेल विवाह, बालविवाह जस्ता परम्परित संस्कृति स्थापित रहेका विषय हुन् । भोटिनीको परम्परित संस्कृतिमा शरीरलाई उपभोगको वस्तु तथा पारिवारिक संरचनामा बहुपति प्रथाले मानक आकार ग्रहण गरेकै विषय हुन् । यसप्रकारको कथाले अनमेल संस्कृति र सामाजिक संरचनाका बीचबाट नारीपुरूष सहअस्तित्व र नारी अस्तित्वलाई केन्द्रीय विषयका रूपमा उठान गरेको छ । प्रस्तुत कथामा नारीलाई मुख्य भूमिका दिइनु तथा उक्त नारी पात्रका अनुभूतिका आधारमा कथ्य विषयलाई गत्यात्मकता दिनु नारीवादका रूपमा मुखरित सहअस्तित्वको विषय हो । जीवनको सम्पूर्णता र जीवनको आधार राइटरबाजेलाई देखेकी भोटिनीले कुष्ठरोग लागेर मृत्युसँग सङ्घर्ष गरिरहेको राइटरबाजेको जीवन बचाउने प्रण गर्नु सहअस्तित्वको प्रमाण रहेको छ । कथाकी समाख्याताको भूमिकामा रहेकी भोटिनीले सहअस्तित्वको विषयलाई कथामा प्रवाहित विचारधाराकै रूपमा प्रस्तुत गरेकी छ । 'त्यस राति र त्यसपछि अनेक त्यस्तै रातिमा म वेश्याशैयामा सुतेर राइटरबाजेले अर्को कोठामा खोकेको सुन्थें । म प्रार्थनाको वाणीमा मनमनै भन्थेँ– राइटरबाजे ! यो मेरो जाबो शरीरलाई अर्पेर पनि तिमीलाई बचाउँछु' ( ऐजन, २४) । भोटिनीको विचारधारा सामाजिक संरचनाका विरूद्धमा सशक्त प्रतिकार पनि हो । प्रस्तुत सन्दर्भमा एउटी गार्हर्यस्थ नारीले वेश्यावृत्तिलाई अवलम्बन गर्नु र त्यसको प्रयोजन आफ्नो लोग्नेको आरोग्य र पथ्यको व्यवस्थाका लागि देखाएको अग्रसरता सामाजिक संरचना र यसमा विद्यमान ज्ञानको विरूद्ध रहेको छ । आफ्नो लोग्ने बिरामी भएर मरणासन्न अवस्थामा पुगेको तथा उसको बाँच्ने सम्भावना नै नरहेको स्थितिमा भोटिनीले अर्को गृहस्थी गर्न वा एक्लै जीवन निर्वाह गर्नका लागि प्रशस्त वैकल्पिक बाटो पाएकी थिई । तथापि उसले सामाजिक संरचनाले व्यक्तिलाई पारिवारिक संरचनामा जोडिए पछिको जीवन पारस्परिक सहअस्तित्वका आधारमा गत्यात्मक हुनुपर्दछ भन्ने विषयको बोध गरेकी छ । भोटिनीको वेश्या बनेर आफ्नो शरीर बेचेर पनि राइटरबाजेलाई नयाँ जीवन दिने प्रण सामाजिक संरचनाले उत्पादन गरेको ज्ञान विरूद्धको सशक्त प्रतिकारका रूपमा प्रस्तुत भएको छ । नारीपुरूष सहअस्तित्वसँग जोडिएर आएको प्रस्तुत साक्ष्यमा नारीवादको विषय सघन रूपमा मुखरित भएको छ ।

प्रस्तुत कथामा नारी र पुरूष सहअस्तित्वसँगै नारी अस्तित्वसँग जोडिएर नारीवादको अभिव्यञ्जना भएको छ । आफ्ना पूर्ववर्ती कृतिहरूमा नारी अस्तित्वलाई केन्द्रीय विषयका रूपमा प्रस्तुत गरेका कोइरालाको प्रस्तुत कथामा नारी जीवनका विभिन्न तहसँग जोडिएर आउने अस्तित्वको विषय यस कथामा पनि मुखरित भएको छ । कथाकी प्रमुख नारी पात्र भोटिनीको जीवनका विविध मोड र ती मोडमा उसको शक्तिशाली उपस्थितिले यसको अस्तित्वलाई मात्र प्रमाणित नगरी उसले गरेका निर्णय सामाजिक संरचनामा विद्यमान प्रतिरोधी चेतनाका रूपमा प्रस्तुत भएका छन् । कथामा भोटिनीले एउटी माग्ने केटी, गार्हर्यस्थ जीवनकी नोकर्नी, राइटरबाजेकी प्रेमिका, पत्नी, आमा तथा आफ्नो पुरूषको जीवन रक्षाका लागि वेश्याको समेत भूमिका निर्वाह गरेकी छ । आफूलाई जुन भूमिकामा राखे पनि सबै स्थानमा उसको सारपूर्ण उपस्थिति रहेको छ भने उसको स्वतन्त्र निर्णयले कथालाई गत्यात्मक तुल्याएको छ । 'म मा रहेको पत्नीले भन्छे- तिम्रो त एउटा मात्र पुरूष छ, अरू पुरूषसँगको सहबास कुनै अवस्थामा स्वीकार गर्नुहुन्न । तर नारी भन्छे– के आफ्ना पुरूषका खातिर पनि त्यो वर्जित छ ?पुरूषको हितका लागि नारीले गर्न नहुने कुनै कार्य छैन' (ऐजन, २४) । भोटिनी जीवनका प्रत्येक मोडमा परम्परित ज्ञानका विरूद्धमा उभिएकी छ । उसले सामाजिक संरचनाले प्रसारण गरेका प्रत्येक ज्ञानका विरूद्ध आफूलाई प्रस्तुत गरेकी छ । यसका अतिरिक्त उसले आफू र आफ्नो जीवनको आधारका रूपमा परिभाषित गरेकी राइटरबाजेका पक्षमा आफूलाई स्थापित गरेकी छ । सर्वप्रथम आफ्नो

अनुवांशिक संस्कृतिलाई त्यागी फरक संस्कृतिलाई अवलम्बन गर्नु उसले अस्तित्वका लागि गरेको पहिलो निर्णय हो भने यस निर्णयले परम्परित सामाजिक संरचना विरूद्ध प्रतिरोधी विचारधारालाई पुष्टि गरेको छ । आफ्नो जीवन सञ्चालन र लोग्नेको उपचारका लागि सहयोग गरिदिन दिदीहरूलाई गरेको आग्रहमा परम्परित विचारधाराको अंश विद्यमान रहेको थियो । ऊ आफूलाई शरीर बेच्ने मानसिकतासम्म पुऱ्याउन कहीँ कतै राजी थिईन । उसले आशा र भरोसाको केन्द्र मानेका दिदीहरूको उपभोगवादी जैविक विचारधारालाई लत्याउँदै शरीरकै आधारमा प्राप्त हुने पारिवारिक संरचनाको विकल्पमा वेश्या बन्न तयार भएकी छ । उसका दिदीहरूले गार्हर्यस्थ निर्माण गर्ने प्रयोजनका लागि शरीरको उपयोग गरे पनि स्वयं त्यसबाट पृथक् रही आफ्नो अस्तित्वका लागि प्रयोग गरेकी छ । आफूलाई पत्नीबाट वेश्यामा रूपान्तर गरेकी भोटिनीको शरीरप्रतिको दृष्टिकोण नारी अस्तित्व र वैचारिक स्वतन्त्रताप्रति लक्ष्यित रहेको छ ।

## ६. निष्कर्ष

आधुनिक नेपाली कथाका आरम्भकर्ता मध्ये एक तथा मनोवैज्ञानिक यथार्थलाई आख्यानीकरण गर्ने स्रस्टा विश्वेश्वरप्रसाद कोइराला मानव मनका अन्तर्यलाई कथ्यविषयका रूपमा चयन गरी आख्यानात्मक पूर्णता दिने चरित्रप्रधान कथा संरचनामा निपुण छन् । राइटर बाजे सांस्कृतिक सम्मिलन र सहअस्तित्वको विषयलाई यौन मनोविज्ञानको आवरणमा लेखिएको कथा हो । अध्ययनलाई निष्कर्षसम्म पुऱ्याउनका लागि कथामा रचना सन्दर्भगत लैङ्गिक समविकास र लैङ्गिक स्थिति, पितृसत्ता र प्रभुत्व तथा कथामा कथामा नारीवादजस्ता मानककेन्द्री शोध्य प्रश्नको निर्माण गरिएको छ । शोध र शोध्यसमस्या निर्धारणका लागि प्रस्तुत कथाका विषयमा भएका पूर्वकार्यहरू मध्येबाट सोद्देश्यमूलक रूपमा चयन गरिएका प्रतिनिधि पूर्वकार्यको समीक्षा गरी रिक्त स्थान पहिचान गरिएको छ । पाठविश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषण विधि अवलम्बन गरिएको यस अध्ययनको सैद्धान्तिक पर्याधार लैङ्गिकताले साहित्यक पाठलाई विश्लेषण गर्ने आधारलाई चयन गरिएको छ ।

लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गतको एउटा समालोचना पद्धति रहेका कारण साहित्यकारले कृतिमा प्रस्तुत गरेको महिला र पुरूषका सामाजिक सम्बन्ध र त्यसले निर्धारण गरेका सामाजिक/सांस्कृतिक निर्मितिको समालोचना गरिन्छ । लैङ्गिक अध्ययनअन्तर्गत लैङ्गिक समता र समविकास, पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, यौनिकता, शरीर राजनीति, नारीवाद, लैङ्गिक प्रतिरोध आदि प्रतिमानका आधारमा कृतिको विश्लेषण गरिन्छ । पुरूषको प्रभुता वा वर्चस्व, सर्वोच्चता तथा परिवार र समाजमा पुरूषको शासन, सामाजिक संरचनाका महिलाको परनिर्भरता र पुरूषको महिलामाथिको अधीनतालाई देखाउने सामाजिक/सांस्कृतिक विचारधाराका रूपमा पितृसत्तालाई बुझाउने कोइरालाको प्रस्तुत कथामा पितृसत्ताकेन्द्री विचारधारा सशक्त मुखरित छ । लैङ्गिक समानता र समविकासको अवस्थालाई सर्भेक्षण गरी पितृसत्ता, प्रभुत्व र नारीवादलाई विश्लेषणका प्रतिमान चयन गरी तिनका आधारमा अध्ययनले विवेचना गरेको छ ।

जैविक निर्मितिका आधारमा अनमेल विवाहको उदाहरण राइटरबाजे र भोटिनी बीचको सत्तासम्बन्ध कथाको उत्तरार्द्धमा आएपछि भोटिनीलाई केन्द्रमा स्थापित गर्ने विचारधाराबाट अनुप्राणित रहेको छ । राइटरबाजे असक्त रहेर वा नरहेरै पनि भोटिनीलाई पारिवारिक उत्तरदायित्व जिम्मा लगाउनु तथा उसले निर्धारण गरेको जीवनपद्धति अनुरूप आफूलाई रूपान्तर गर्नु लैङ्गिक समानताको परिचायक रहेको छ । कथामा प्रस्तुत भएका यप्रकारका दृष्टान्तले सामाजिक संरचना परम्परागत ज्ञान र तिनको प्रसारणमा केन्द्रित रहे पनि विचारधारागत दृष्टिले लैङ्गिक समानता र समविकासको पक्षधर रहेको पर्याप्त प्रमाण मुखरित भएको छ । कथाले समाख्याता भोटिनीका माध्यमबाट दुई फरक संस्कृतिको अन्तरमिश्रणबाट निर्मित सामाजिक संरचनामा आर्यसंस्कृतिले अवलम्बन गरेको पितृसत्ता र यसको ज्ञानलाई प्रस्तुत गरेको छ । नारीकेन्द्री पितृसत्ता र वर्चस्व स्थापना गर्ने विचारधारालाई अस्वीकार गर्ने समाख्याताले अध्यात्मवादी दर्शनबाट प्रभावित राइटर बाजेको पुरूषकेन्द्री पितृसत्तात्मक ज्ञानअनुरूप उक्त सामाजिक संरचनाको वर्चस्वलाई अङ्गीकार गरेको विषय प्रस्तुत भएको छ ।

सामाजिक संरचनाको अभिन्न अङ्ग मानिने परिवारको एकात्मक संरचनालाई केन्द्रमा राखी जैविक र आत्मिक सान्निध्यलाई सर्वोच्च मानी परिवार, प्रेम, आत्मसम्मान र पहिचानको विषयलाई नारीवादका रूपमा कथामा प्रस्तुत गरिएको छ । कथामा भोटिनीको विचारधारा भाग्यवादी हुनुमा परम्परित पितृसत्ताले स्थापित गरेको अध्यात्मवाद कारक रहेको छ । कथाले अध्यात्मवाद अनुप्राणित पितृसत्ता तथा भाग्यवादी पुरूष वर्चस्वको संयोजन भएको पक्षलाई नारी

अस्तित्वको विषयसँग जोडेर प्रस्तुत गरेको छ । कथाकी समाख्याताले आफ्नो अनुवांशिक संस्कृतिलाई त्यागी फरक संस्कृति अवलम्बन गर्नु उसले अस्तित्वका लागि गरेको निर्णय परम्परित सामाजिक संरचना विरूद्ध प्रतिरोधी विचारधारा रहेको छ । समाख्याताले परम्परित विचारधाराका आधारमा लोग्नेको रोग र मृत्युलाई मूकदर्शक भएर हेर्नुका सट्टा शरीरलाई बेचेर अथवा वेश्यावृत्ति गरेर भए पनि बचाउने सङ्कल्प गर्नु सहअस्तित्वका लागि गरिएको प्रतिरोध रहेको छ । निष्कर्षत : लैङ्गिक समानता र समविकासको आवरणमा परम्परित पितृसत्ताको वर्चस्वलाई विचारधाराका रूपमा अङ्गीकार गर्ने नारी अस्तित्व र नारीपुरूष सहअस्तित्वलाई प्रतिरोध चेतनाको विषय बनाई नारीवाद मुखरित भएको संरचनाका रूपमा प्रस्तुत कथा सशक्त मानक बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची


अली, जोन जी. *बेब्स्टर्स डिक्सनरी.* ओन्टहेइमर पब्लिसर्स,सन् १९९६ ।

अर्याल, भोजेन्द्र. *लैङ्गिक र महिलावादी अध्ययन.* ज्ञानकुञ्ज प्रकाशन ,२०६८ ।

क्राफ्ट, मेरी वोस्टर्न. *अ भिन्डीकेसन अफ उमन.*(अनु मीनाक्षी). राजकमल प्रकाशन प्रा लि सन् १७९२ ।

कोइराला, विश्वेश्वरप्रसाद. *श्वेतभैरवी.* (तेस्रो संस्क.), साझा प्रकाशन, २०५७ ।

गिरी. अमर. 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा'. *भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क.* -१९. भृकुटी एकेडमिक पब्लिकेसन प्रा. लि., २०७० ।

पाण्डे, ज्ञानु. *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा–प्रतिष्ठान २०६९ ।

पाण्डेय, ताराकान्त. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशशास्त्र.* साझा प्रकाशन २०७३ ।

पिल्चर, जे.एण्ड. ह्वेलहेन. *फिफ्टी की कन्सेप्टस् इन् जेन्डर स्टडिज.*सेज प्रकाशन, सन् २००४ ।

बट्लर, जुडिथ. *जेन्डर ट्रबल.* रोट्लेज, सन् १९९० ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे. (सम्पा.). *नेपाली कथा भाग-३.* (तेस्रो संस्क.) साझा प्रकाशन, २०६१ ।

बराल, कृष्णहरि. *कथासिद्धान्त.* एकता बुक्स, २०६९ ।

बार्कर, क्रिस. *मेकिङ सेन्स अफ कल्चरल स्टडिज.* सेज पब्लिकेसन,सन् २००० ।

बार्कर, क्रिस. *द सेज डिक्सनरी अफ कल्चरल स्टडिज.* सेज पब्लिकेसन,सन् २०१० ।

भट्टराई, रमेशप्रसाद. *सांस्कृतिक, वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त* र *नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन, २०७७ ।

लुइँटेल, समिरा. *लैङ्गिक र महिलावादी अध्ययन.* ज्ञानकुञ्ज प्रकाशन, सन् २००८ ।

शर्मा, हरिप्रसाद. (सम्पा.). *विश्वेश्वरप्रसाद कोइरालाका कथा.* (दोस्रो संस्क.), साझा प्रकाशन २०५७ ।

शर्मा, हरिप्रसाद. *कथाको सिद्धान्त र विवेचन.* (दोस्रो संस्क.). साझा प्रकाशन २०६७ ।

श्रेष्ठ. दयाराम. (सम्पा). *नेपाली कथा भाग ४.* (पाचौं. संस्क.), साझा प्रकाशन,२०६८ ।

हल, स्टुआर्ट. रिप्रिजेन्टेसन एन्ड कल्चरल रिप्रिजेन्टेसन. अक्सफोर्ड युनिभर्सिटी प्रेस,२०१०।